# लेभलर
# इन्टरमिडियट ट्रेड टेस्ट
# नमुना प्राक्टिकल टेस्ट पेपर

此文件關於平水中工工藝測試考題。如有需要索取此文件的中文版本，請致電 2100 9000 與香港建造業工藝測試中心聯絡。

This document related to mock test paper of intermediate trade test for Leveller. Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

# डिस्क्लेमर

*CIC को लिखित अनुमतिबिना यस सामग्रीको कुनै पनि भागलाई कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट पुनरुत्पादन वा प्रसारित गर्न नपाइसक्छ । यस सामग्रीमा रहेका जानकारीले सत्यता सुनिश्चित गर्न उचित प्रयासहरू गरिएतापनि CIC ले पाठकहरूलाई सम्भव भएसम्म पेशासँग सम्बन्धित सल्लाहकारहरूसँग उपयुक्त स्वतन्त्र सल्लाह खोज्न प्रोत्साहन गर्छ र पाठकहरूले कुनै पनि सम्बद्ध कामहरू गर्दा यस सामग्रीलाई उक्त पेशासम्बन्धी सल्लाहको विकल्पको रूपमा लिनु वा निर्भर पर्नु हुँदैन ।*

# सोधपुछहरू

यस सामग्रीको सम्बन्धमा भएका सोधपुछहरू हङकङ कन्स्ट्रक्सन इन्डस्ट्री ट्रेड टेस्टिङ सेन्टर लाई निम्न ठेगानामा सोध्न सकिन्छ:


| 95, Yue Kwong Road<br>Aberdeen<br>Hong Kong | ९५ यु कोङ्ग रोड<br>एबरडीन<br>होंगकोङ्ग |
|---|---|

फोन नम्बर : (852) 2100 9000
फ्याक्स नम्बर : (852) 2100 9249
इमेल : enquiry@cic.hk
वेबसाइट : www.cic.hk


©२०२०कन्स्ट्रक्सन इन्डस्ट्रि काउन्सिल

# इन्टरमिडियट ट्रेड टेस्ट पेपर

पद : लेभलर

ग्रेड : सेमि स्किल्ड वर्कर

परीक्षाको विषयवस्तु : तोकिएको स्थानमा निम्न कार्यहरू पूरा गर्नुहोस्:

1. सेटिङ आउट (बनावट निर्धारण) गर्ने: इलिमेन्टहरु (elements) को सेटिङ आउट, मार्किङ (चिन्ह लगाउने) तथा विवरणहरूको लेख्ने कार्य। (85 अङ्क)

   (a) तोकिएको स्थानमा दिइएको ड्रइंग अनुसार जमिनमा सेटिङ आउट गर्ने।

   (b) दिइएको ड्रइंग अनुसार वालमा भएका इलेमेन्टहरूको प्रोफाइल सेटिङ आउट गर्ने जसमा ट्रिडहरू (treads), राइजरहरू (risers), अपर फ्लाइट स्टेरको वेस्ट (waist of upper flight stair), बिमहरू (beams), ल्यान्डिङहरू (landings) तथा कन्क्रिट वालहरू (concrete walls) पर्दछन्।

2. इन्स्ट्रुमेन्टको प्रयोग (15 अङ्क)

   उपयुक्त स्थानमा लेभललाई सेट अप (स्थापना) गर्ने, लेभलिङ गर्ने र टार्गेट (स्टाफ) मा सही सेट गर्ने, फोकस गर्ने र आइ पिस (eye piece) को एड्जस्टमेन्ट। परीक्षकले चेकजाँच गरेपछि लेभललाई केसमा प्याक अप गर्नुहोस्।

समय अवधि : 3 घण्टा


ध्यान दिनुपर्ने कुराहरू: (1) काम सुरु गर्नुभन्दा अगावै, परीक्षार्थीहरूले दिइएको "परीक्षार्थीहरूले ध्यान दिनुपर्ने कुराहरू" लाई ध्यानपूर्वक पढ्न आवश्यक हुन्छ।

(2) यदि परीक्षार्थीले सुरक्षा सावधानीहरू बिना परीक्षा दिएमा उनी अनुत्तीर्ण हुनेछन्/हुनेछिन्।


(3) यसमा 4 वटा पृष्ठ छन्। पूर्णाङ्क (फुल मार्क) 100 हो। उत्तीर्णाङ्क (पास मार्क) 60 हो।

# लेभलर

## इन्टरमिडियट ट्रेड टेस्ट




सेक्शन-AA




प्लान (1:30)

सबै डायमेंशनहरु मिमि मा छन।

परीक्षार्थीले ध्यान दिनुपर्ने कुराहरू:

भाग A

1. परीक्षार्थीहरूले प्रश्नपत्रहरू ध्यान दिएर पढ्नुपर्छ र नबुझेको कुराहरू परीक्षकसँग सोध्न सक्छन्।
2. प्रश्नपत्रमा यदि कुनै ड्रइंग तथा स्पेसिफिकेसनहरू दिइएका छन् भने परीक्षार्थीहरूले परीक्षा सुरु हुनुभन्दा अगावै तिनीहरूलाई ध्यान दिएर पढ्नुपर्छ।
3. परीक्षार्थीहरूले दिइएका प्रश्नपत्र, ड्रइंग तथा स्पेसिफिकेसनहरू अनुसार परीक्षा दिनुपर्छ।
4. परीक्षार्थीहरूले परीक्षामा आउँदा सुरक्षा जुत्ता आफैले लिएर आउनुपर्नेछ। अन्य चाहिने सुरक्षा सामाग्रीहरू भने ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ। परीक्षार्थीहरूले कार्यस्थल सुरक्षाको सुनिश्चितता गर्न सबै सुरक्षा सावधानीहरूलाई अनिवार्य पालना गर्नुपर्छ।
5. परीक्षामा चाहिने सबै औजार तथा सामाग्रीहरू ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ र उपलब्ध गरिएका औजार तथा सामाग्रीहरूको पर्याप्तता तथा गुणस्तर चेकजाँच भने परीक्षार्थीहरू आफैले गर्नुपर्नेछ। परीक्षार्थीहरूले सबै औजार तथा सामाग्रीहरू ट्रेड प्राक्टिस अनुसार सही तरिकाले प्रयोग गर्नुपर्नेछ। परीक्षार्थीहरूले परीक्षापछि सबै औजारहरू ट्रेड टेस्टिङ सेन्टरलाई अनिवार्य फिर्ता गर्नुपर्छ। यदि कुनै समस्या भएमा परीक्षार्थीहरूले परीक्षकसँग सोध्न र बुझ्न सक्छन्।
6. परीक्षार्थीहरूले परीक्षामा र सम्बन्धित कामहरू गर्न प्रयोगका लागि दिइएका औजार तथा सामाग्रीहरूलाई सम्हालेर चलाउन तथा सार्न आवश्यक हुन्छ।
7. परीक्षा भइरहेको बेलामा परीक्षकले रेकर्डको लागि समय-समयमा फोटो खिचेर राख्नुहुनेछ।
8. परीक्षार्थीहरूलाई क्यामेरा वा मोबाइल फोनहरूबाट कुनै पनि फोटो वा भिडियो खिच्न अनुमति हुँदैन।
9. आकस्मिक अवस्थामा बाहेक परीक्षार्थीहरूलाई ट्रेड टेस्टको समय अवधिभर आफ्नो मोबाइल फोन प्रयोग गर्न अनुमति हुँदैन।
10. तल लेखिएका मापदण्डहरूमा आधारित रहेर मार्किङ (नम्बर दिने) गरिन्छ:
    a) ड्रइंग तथा स्पेसिफिकेसनको सही बुझाइ
    b) परीक्षाभन्दा पहिला सबै चाहिने तयारी
    c) कार्यहरूको (काम गर्ने) प्रक्रियाहरू
    d) कार्यहरूको स्पष्टता तथा गुणस्तर
    e) कार्यहरूको प्रगति
    f) सामग्रीहरूलाई सही ढङ्गले चलाउने तथा प्रयोग गर्ने
    g) औजार तथा उपकरणहरूलाई सही ढङ्गले प्रयोग गर्ने
    h) सुरक्षा सावधानीहरूको पालना
    i) अरु ट्रेडहरूको बारेमा सोच्ने र विचार गर्ने
    j) परीक्षा सकिएपछि समानहरूलाई मिलाउने र सरसफाइ
11. समय सकिने बित्तिकै सबै परीक्षार्थीहरूले परीक्षालाई अनिवार्य रोक्नुपर्छ।
12. परीक्षा सकिएपछि परीक्षार्थीहरूले प्रश्नपत्र अनिवार्य रूपमा परीक्षकलाई बुझाउनुपर्छ।
13. परीक्षकलाई घुस दिने प्रस्ताव गर्नु कानूनी अपराध हो र त्यस्तो केसहरूलाई ट्रेड टेस्टिङ सेन्टरले आइ.सी.ए.सी. (ICAC) मा रिपोर्ट गर्नेछ।

**यदि परीक्षार्थीले कुनै पनि आवश्यक सुरक्षा सावधानीहरू पालना गर्न नसकेको र/वा कुनै डरलाग्दो स्थितिहरूमा काम गरेको खण्डमा उनी फेल भएको मानिनेछ।**

भाग B

1. कार्यहरूको क्रम परीक्षार्थीहरूको विवेकमा निर्भर रहनेछ ।
2. सही डाइमेन्सनमा सेटिङ आउट गर्ने । फिनिसिङको मोटाइलाई ध्यानमा राखिनेछैन ।
3. सेटिङ आउटमा पर्याप्त मार्किंङ (चिन्ह) तथा अक्षरसहितको विवरण हुनुपर्छ ।
4. ग्राउण्ड सेटिङ आउट लाइन तथा वाल सेटिङ आउट लाइन एकअर्कासँग मिलेको हुनुपर्छ ।
5. ग्राउण्ड लेभलबाट 600mm मा लेभल डेटम लाइन (level datum line) उपलब्ध गराइएको छ ।
6. ग्राउण्ड नापमा रातो पेन्सिल, निलो पेन्सिल तथा अन्य पेन्सिलहरू प्रयोग गर्न अनुमति हुन्छ । वालको नापमा पेन्सिल मात्र प्रयोग गर्न अनुमति हुन्छ ।
7. परीक्षार्थीहरूलाई सेटिङ आउट लाइनहरू संशोधन गर्न अनुमति हुन्छ तर सेटिङ आउटको मन्जुरीलाई मार्किङ (नम्बर दिने) मा समावेश गरिन्छ ।
8. हरेक परीक्षार्थीसँग मार्कर तथा टेपको स्ट्रिंग (डोरी) समात्न सहायक हुनेछ । परीक्षाको क्रममा सहायकले आफ्नो कुनै पनि राय दिन पाउनेछैनन् । टेपबाट नाप गर्दा सहायकले टेपको टाउको (जिरो) वा 100, 200……100mm को गुणन मात्र समात्न सक्छन् । सबै डाइमेन्सनहरूलाई परीक्षार्थीद्वारा नाप गरिएको हुनुपर्नेछ । लाइन सेटिङका लागि सहायकले कुनै पनि साइडमा मार्करको स्ट्रिंगलाई समात्न सक्छन् तर परीक्षार्थीले आफैं लाइन बनाउनुपर्नेछ ।
9. नबुझेको कुनै पनि कुराहरू परीक्षार्थीहरूले परीक्षकलाई सोध्नुपर्छ ।
10. सामग्रीहरू अपुग भएमा वा औजारहरूमा समस्या भएमा परीक्षार्थीहरूले औजार फेर्न वा थप सामग्रीका लागि अनुरोध गर्न सक्छन् ।